# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, श्रावण २६ गते २०२३ साल [ अतिरिक्ताङ्क १७

**श्री ५ को सरकार**

### गृह–पञ्चायत मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको जिल्ला पञ्चायत (निर्वाचन) ( पाचौं संशोधन ) नियमावली, २०२३ सवसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

## जिल्ला पञ्चायत (निर्वाचन) (पाचौं संशोधन) नियमावली, २०२३

जिल्ला पञ्चायत ( निर्वाचन ) नियमावली, २०१९ ( यसपछि मूल नियमावली भनिएको ) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

जिल्ला पञ्चाय एन, २०१९, को दफा ५० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यी नियमहरूको नाम " जिल्ला पञ्चायत (निर्वाचन) (पाँचौं संशोधन) नियमावली, २०२३ " रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
262

२. मूल नियमावलीको नियम ३ मा संशोधनः– मूल नियमावलीको नियम ३ को उप–नियम (१) मा रहेको "सम्बन्धित जिल्ला पञ्चायतको सचिवले" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित अञ्चलका अञ्चलाधीशले" भन्ने शब्दहरू राखिएको छ ।

३. मूल नियमावलीको नियम २३ मा संशोधनः– मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएकोछः–

२३. उजूरी गर्न पाउने अवधिः– नियम २१ अनुसार निर्वाचनको परिणाम घोषणा भइसकेपछि परिणाम भएको मितिले ३० तीस दिनभित्र उजूरवालाले फाराम नम्बर ३ बमोजिमको उजूरीपत्र निर्वाचन अफिसर वा निजले तोकिदिएको पदाधिकारी छेउ पेश गर्नुपर्दछ ।

४. मूल नियमावलीको नियम २४ मा संशोधनः– मूल नियमावलीको नियम २४ को सट्टा देहायको नियम २४ राखिएको छः–

२४. उजूरवालाले एक रुपैयांको टिक टांस्नेः– हरेक उजूरवालाले उजूरीपत्र पेश गर्दा निर्वाचन अफिसर छेउ वा निजले तोकेको अड्डामा रू. १– एकको टिकट टाँसी उजूरीपत्र पेश गर्नुपर्दछ।

५. मूल नियमावलीको नियम २७ मा संशोधनः– मूल नियमावलीको नियम २७ को सट्टा देहायको नियम २७ राखिएको छः–

२७. ट्राइब्युनलमा नजाँदै उजूरीपत्र फिर्ता लिनेः– (१) उजूरवालाले आफ्नो उजूरीपत्र फिर्ता लिन चाहेमा सो उजूरीपत्र उपर कारवाही गर्न ट्राइब्युनलमा उजूरीपत्र नजाँदै निर्वाचन अफिसर वा निजले तोकेको पदाधिकारी छेउ दरखास्त दिई फिर्ता लिन सक्ने छ ।

(२) ट्राइब्युनलमा उजूरीपत्र गैसकेपछि फिर्ता लिन परेमा ट्राइब्युनलमा दरखास्त दिई ट्राइब्युनलको इजाजत लिएर मात्र फिर्ता लिन सकिने छ ।

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको विशेष सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

268